भ्रष्टाचार र धारा ३७१ एफको सुरक्षाको मुद्दा लिएर एसएनपीपी जनतामा जाने

गान्तोक, १२ मई। सिक्किम नेश्नल पिपल्स पार्टी (एसएनपीपी) अब जनतामा जाने भएको छ। एसएनपीपी दुईवटा मुख्य मुद्दा लिएर जनतामा जाने जानकारी पार्टी अध्यक्ष बिराज अधिकारी र मुख्य समन्वयक दिले नामग्याल बरफुङ्पाले राजधानीमा आयोजित एक पत्रकार सम्मेलनमा दिए। एसएनपीपी अध्यक्ष बिराज अधिकारीले भ्रष्टाचार र धारा ३७१ एफको सुरक्षाको मुद्दा लिएर पार्टी जनतामा जाने निर्णय लिएको बताए। उनले सिक्किममा भ्रष्टाचारले सीमा नाघिसकेको र भ्रष्टाचारकै कारण धारा ३७१ एफ पनि धुमिल

बन्दै गइरहेको छ भने। उनले अब सिक्किम सब्जेक्टलाई बचाउनु हो भने सत्ता परिवर्तन गर्नु आवश्यक रहेको बताए।'यही पाराले हो भने धारा ३७१ एफ पनि हराउँछ। धारा ३७१ एफसित छेडछाड धेरैपल्ट भइसकेको छ'– उनले भने। उनले आगामी एक महिनाभित्र एसएनपीपी जनतामा जाने पत्रकारहरूलाई जानकारी दिए। उनले उक्त दुईवटा मुद्दालाई लिएर सर्वोच्च न्यायालयका साथै देश बाहिर कुनै ठूलो फोरममा गएर आवाज उठाउनुपर्ने आवश्यकता आइलाग्यो भने पनि पछाडी नहट्ने बताए। उनले कथित जाली सिक्किम सब्जेक्टलाई लिएर सिक्किम उच्च न्यायालयमा विचाराधीन मुद्दाबारे बोल्दै जाली सिक्किम सब्जेक्टबारे राज्य सरकारले कुनै पहल नगर्दा आफुहरू न्यायालयको शरण पर्नु परेको बताए। उनले भने,'एकातिर सिक्किम सरकारको आफ्नै विभागले राज्यमा ३१ हजारभन्दा अधिक जाली सिक्किम सब्जेक्ट छ भनेर खुलासा गर्यो। अर्कोतिर यस विषयमा सरकारले कुनै कार्यवाही पनि गरेन'। उनले राज्य सरकार सिक्किम सब्जेक्टको सुरक्षालाई लिएर गम्भीर नरहेको आरोप पनि लगाए। उनले यो मुद्दा न्यायालयमा पुगेपछि राज्य सरकारले पनि यस सम्बन्धमा छानबीन गर्नको निम्ति एउटा समिति गठन गरेको जानकारी गराउँदै यदि सरकारले यो काम पहिले नै गरिदिएको भए आफुहरू न्यायालय जान बाध्य हुनुपर्ने थिएन भने। उनले आफुले चुनेको सरकार नै सिक्किम सब्जेक्टप्रति इमान्दार छैन भने अब सिक्किमे जनता सतर्क बन्ने समय आएको छ भने।

३६ परिवारलाई प्रधानमन्त्री आवास योजना निर्माण आदेश पत्र वितरण

गान्तोक, १२ मई। प्रधानमन्त्री आवास योजना (ग्रामीण) अन्तर्गत आज दक्षिण सिक्किमको नामथाङ रातेपानीका ३६ गरीबी रेखा मुनीका परिवारलाई सो योजनाबाट घर निर्माणको आदेश पत्र प्रदान गरिएको छ। नामथाङमा सम्पन्न एक कार्यक्रमबीच क्षेत्र विधायक तथा संसदीय सचिव श्रीमती तिलु गुरुङको हातबाट आदेश पत्र प्रदान गरिएको हो। यस अवसरमा नाम्चीकी अतिरिक्त जिल्लापाल (विकास) श्रीमती बेनु गुरूङ र नामथाङका खण्ड विकास अधिकारी ए.बी गुरुङको उपस्थिति रहेको थियो। उल्लेख्य छ प्रधानमन्त्री आवास योजनाबाट एक लाख तीस हजार रूपियाँ घर निर्माणको निम्ति प्रदान गरिन्छ भने राज्य सरकारले एमजी नरेगा योजनाबाट थप ५० हजार, शौचालय निर्माणको निम्ति १२ हजार र ९० दिनको एमजीनरेगाको रोज प्रदान गर्ने गर्दछ। सिक्किमलाई कच्चा घरमुक्त राज्य बनाउन राज्य सरकारको तर्फबाट अघिबाटै दुईवटा योजनामा मुख्यमन्त्री ग्रामीण आवास योजना र भुइचाँलोले भत्काएको घरहरूको पुननिर्माण योजना (रेडआरएच) बाट घर निर्माण प्रक्रिया चलिरहेको छ। यसमा अझ एउटा केन्द्र सरकारको योजना थपिएको छ। प्रधानमन्त्री ग्रामीण आवास योजनाको घर निर्माण गर्न थालिएको तीन महिना भित्र घर निर्माण कार्य पुरा हुनुपर्ने केन्द्र सरकारको नियम पनि रहेको छ।

नेपाली फिल्मा गीत गाउने सुनौलो अवसर

गान्तोक, १२ मई। नेपाली फिल्ममा गीत गाउन इच्छुक गायकहरूलाई नेपालमा बनिएको प्रेम गीत–२ फिल्म निर्माण कम्पनीले अवसर दिने भएको छ। तर, यसको निम्ति पहिले इच्छुक गायकहरूले 'कभर सङ' नामक प्रतियोगितामा प्रस्तुति दिनुपर्नेछ। यस प्रतियोगितामा विजयी बन्ने गायकले आसुसेन फिल्मस् नामक कम्पनीको आउँदो फिल्ममा गीत गाउने अवसर प्राप्त गर्नेछन्। यसको निम्ति कम्पनीद्वारा युट्यूबमा अपलोड गरिएको 'कहानी यो प्रेम गीतको' गीत अनि ट्र्याकमा आफ्नो स्वर भरेर युट्यूब मार्फत नै पठाउनु पर्नेछ। उक्त जानकारी फिल्मका निर्देशक तथा पटकथा लेखक रामशरण पाठकले पत्रकार सम्मेलनमा दिए। प्रतियोगितामा भाग लिनलाई कलाकारहरूले असुसेन फिल्मस् डट कमको माध्यमबाट लिंक गर्नुपर्ने बताए। प्रतियोगीहरूले आफ्नो गीत अपलोड गरेपछि युट्यूट मार्फत प्रचार गरेपछि दर्शकहरूको धारणालाई बुझेर निर्णायक मण्डलीले निर्णय लिइने बताइएको छ। युट्यूबमा अपलोड गरिएका गीतहरूबाट उत्कृष्ट १५ जना कलाकारलाई छनौट गरिने र त्यसमध्ये एक पुरूष र एक महिलालाई गीत गाउने अवसर दिने उनले बताए। यसका साथै विजेताद्वयलाई एक–एक लाख रूपियाँ (एनसी) का साथै फिल्मको टाईटल सङको लागि मौका दिने बताए। विश्वाका विभिन्न ठाउँमा बसोबासो गर्ने नेपाली भाषी कलाकारहरूलाई फिल्म क्षेत्रमा गीत गाउने मौका दिने लक्ष्य राखेर यो प्रतियोगिता आयोजित गरिएको उनले जानकारी दिएका छन्।

लेफ्टिनेन्ट सुन्दरेशन र मेजर सिंहले राज्यपाललाई भेटे

गान्तोक, १२ मई। लेफ्टिनेन्ट कर्णल सुन्दरेशन (सेवानिवृत्त) र कारगील वेटरन मेजर देवेन्दर पल सिंह (सेवानिवृत्त) ले शुक्रबार राज्यपाल श्रीनिवास पाटिललाई राजभवनमा भेटे। राजभवन अनुसार लेफ्टिनेन्ट कर्णल सुन्दरेशन एक उत्साही म्यारथन धावक हुन् भने मेजर सिंह देशका प्रथम ब्लेड रनर हुन्। लेफ्टिनेन्ट सुन्दरेशनले ५० सातामा देशका विभिन्न ५० ठाउँमा ५० वटा म्यारथन गर्ने अभियान शुरू गरेका छन्। उनले यस अभियानको नाम 'रन वीद अ सोल्जर, रन फर अ सोल्जर' राखेका छन्। आफ्नो २३ औं पूर्ण म्यारथनको क्रममा उनीद्वय आगामी १४ मईको दिन छाङ्गु झीलदेखि गान्तोकको लिबिङस्थित हेलीप्याडसम्म दोडिनेछन्। म्यारथन मार्फत लेफ्टिनेन्ट सुन्दरेशनले शहीद जवानका परिवारहरूका निम्ति कोष संग्रह गर्ने लक्ष्य पनि लिएका छन्। राज्यपाल पाटिलले यस अभियानको निम्ति सिक्किमलाई पनि चयन गरेकोमा खुशी प्रकट गर्दै दुवै धावकहरूलाई बधाई अनि शुभेच्छा प्रकट गरे। उनले सिक्किममा पनि धेरै धावकहरू रहेको बताउँदै स्थानीय युवाहरूलाई खेलकुदमा प्रोत्साहित गर्न उनीहरूलाई सिक्किम भ्रमणमा आइरहन आह्वान गरे।

निल तारा एकाडेमीद्वारा नेपाली कविता आवृत्ति प्रतियोगिता आयोजित

गान्तोक, १२ मई । राजधानीको भानु उद्यानमा निल तारा एकाडेमीको नौलो प्रयासको रूपमा अहिलेसम्म एकाडेमी नामधारी शैक्षिक संस्थानहरूले नगरेको कार्य गर्न सक्षम भएको छ। निल तारा एकाडेमीले सिक्किमका दुई कवि प्रवीण राई जुमेली र प्रवीण खालिङका कविताहरूलाई लिएर विद्याथीहरूबीच आवृत्ति कार्यक्रम आयोजन गर्यो। स्थानीय दुई कविहरूबाहेक विद्यार्थीहरूले हरिभक्त कटुवाल, लक्ष्मी प्रसाद देवकोटा, अगमसिंह गिरी र अन्यका बाल कविताहरू पनि आवृत्ति गरेका थिए। दुई वर्गमा बाडिएको कार्यक्रमको पहिलो चरणमा छैटौं कक्षासम्मका विद्यार्थीहरूलाई लिएर आवृत्ति गरिएको थियो। कविद्वय प्रवीण राई जुमेली र प्रवीण खालिङ मुख्य अतिथि रहेको कार्यक्रममा दोस्रो चरणमा आठौं श्रेणीसम्मका विद्यार्थीहरूले कविता आवृत्ति गरेका थिए। आवृत्तिसँगै विद्यार्थीहरूले कतिपय कविताहरूमा नाट्य रूपान्तरण गरेर सफल प्रदर्शन गरेका थिए। दुई वर्गमा जम्मा १६ जना विद्यार्थीले आवृत्ति प्रतियोगितामा भाग लिएका थिए। विद्यालयको विभिन्न सदनलाई लिएर गरिएको प्रतियोगितामा पहिलो चरणको जुनियर वर्गमा स्वयं तामाङ प्रथम र अरनव गुप्ता दोस्रो भएका छन्। यसरी नै दोस्रो चरणको वरिष्ठ वर्गमा मिछेन लामा प्रथम र कलिना प्रधान दोस्रो भएका छन्। यस अतिरिक्त चारवटा सदन (हाउस) बीच भएको प्रतियोगितामा तेन्जिङ सदन र एडमण्ड सदनलाई संयुक्त रूपमा विजयी घोषणा गरिएको छ। कार्यक्रमलाई सम्बोधन गर्दै कवि जुमेलीले विद्यार्थीहरूलाई यस प्रकारको नौलो प्रयासमार्फत मात्री भाषा चिनाउने प्रयास गरिएकोमा आयोजक पक्षलाई बधाई दिए। विद्यार्थीहरूलाई साहित्य अध्ययन गर्ने बानी र उनीहरूको मानसिकतालाई बुझेर त्यही अनुरूपको पहलहरू गरिनुपर्ने आह्वान गरे। यसैगरि कवि खालिङले विद्यार्थीहरूलाई घरमा किताब राख्ने र किताबको संगत गर्ने सुझाउ दिए भने मात्री भाषामा बलियो मानिस नै असल परिकल्पक हुने बताउँदै एकाडेमीको पहललाई निरन्तरता दिने र मातृ भाषाको पठनपाठनमा जोड दिनुपर्ने बताए। उनले विद्यार्थीहरूलाई दैनिक रूपमा केही न केही लेख्ने र विभिन्न अवसरहरूमा पुस्तक उपहार दिने परम्परा बसाल्नु पर्ने आह्वान गरे। चिया कविताको पक्षबाट सहभागि विद्यार्थीहरूलाई पुस्तक प्रदान गरियो। अतिथिद्वयको हातबाट विजयी विद्यार्थीहरू पारितोषी वितरण गरिएको थियो। नेपाली भाषाकी शिक्षिका श्रीमती किर्तन राईद्वारा संचालित कार्यक्रममा विद्यार्थीहरूले नृत्य र गीत पनि प्रस्तुत गरेका थिए। कार्यक्रममा शिक्षित सुश्री गीता छेत्री, प्रमीला प्रधानले कविता सुनाएका थिए भने एकाडेमीका अध्यक्ष श्रीमती नन्दु तिवारी, उप प्राचार्य नवराज तिवारी, अभिभावक तथा शिक्षक शिक्षिकाहरूको उपस्थिति रहेको थियो।

"HALLMARK" Pioneer In Irrigation | "ZKL" World Class Original Bearings | "CROWN" Turbo Air Ventilator
GARDEN STORES & CHEMICALS
177, Bidhan Market Road, Siliguri-734001,
Ph: 0353 2777357, 2430274, E-mail : gcsglobal.slg@gmail.com

WANTED
RECRUITMENT OFFICERS
MALE / FEMALE
PERSONS WITH MARKETING EXPERIENCE PREFERRED
PART TIME / FULL TIME
EARN UPTO RS. 1 LAKH IN THREE MONTHS
9474037288 / 8918114871

पुरूष अनि महिलाको सम्पूर्ण गोपनीय रोगको उपचार पूरा ग्यारेन्टीको साथमा गरिन्छ।
डा. लामा
9433040639
9635976305
0353-2510418
विश्वदीप सिनेमा कम्प्लेक्स, हिलकार्ट रोड, सिलगढ़ी
बिना प्रेसक्रिप्शन दवाई किन्न उचित होइन।

'हाम्रो प्रजाशक्ति'–का स्वामित्व, प्रकाशक, मुद्रक तथा सम्पादक अञ्जन उपाध्यायद्वारा गैरीगाउँ, तादोङबाट प्रकाशित तथा सिलगढ़ी प्रेस प्रा. लि., परिवहन नगर, मटीगढ़ा, सिलगढ़ीमा मुद्रित। E-mail: hamropraja@gmail.com, RNI - SIKNEP/2000/03113